## सम्पादकीय

# रोजगार सिर्जनाको सवाल

नेपालको शैक्षिक नीति सीपमूलक र व्यवहारमुखी हुन नसक्दा शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने कारखाना बनेका छन् । प्राविधिक, सीपमूलक र व्यवहारमुखी शिक्षा प्रदान गर्ने भनि खालिएका शैक्षिक संस्थाले पनि दक्ष जनशक्ति उत्पादन गर्न सकिरहेका छैनन् । जहाँ पढेका जनशक्ति पनि रोजगारीका लागि भौतारिका र रोजगारीकै लागि विदेशिने गरेका छन् । पछिल्लो पटक त झन त्यस्ता प्राविधिक शिक्षालयहरू नै विद्यार्थीको खडेरी पर्ने गरेको छ । शिक्षा नीति सीप प्रदान गरी स्वरोजगार बन्न योग्य बनाउनेभन्दा सैद्धान्तिक ज्ञान मात्रै प्रदान गरेर भाषण दिने र अधिकारका लागि आवाज उठाउनसक्ने बनाउनु मात्रै भएकाले श्रम बजारमा रोजगारको खोजीमा भौंतारिनेको संख्या बढ्नुको मुख्य कारण देखिन्छ । स्वरोजगार बन्ने सीप, दक्षता र उद्यमशीलता नभएकै कारण शिक्षित युवामा जागिरे मनोवृत्ति धेरै बढेको हो। उच्च शिक्षामा विद्यार्थीको चाप बढिरहेको वर्तमान परिप्रेक्ष्यमा सरकारी तथा निजी क्षेत्रबाट पनि स्वरोजगार बन्न प्रेरित गर्ने सीपमूलक र व्यावसायिक तथा प्राविधिक शिक्षामा बढी प्राथमिकता दिनुपर्नेमा यसो हुन नसकिरहेकाले भोलिका दिनमा थप शिक्षित बेरोजगारको समस्या झनै चर्किने अनुमान सहजै गर्न सकिन्छ ।

शिक्षित जनशक्तिलाई खपत गर्ने खालका उत्पादनमूलक तथा सेवामूलक आर्थिक क्रियाकलाप पर्याप्त मात्रामा सञ्चालन हुन नसक्दा यस्ता शिक्षित जनशक्तिको उपयोग हुन नसकेको हो। परिणामतः मुलुकमा बेरोजगार समस्याले भयावह रूप लिएको छ। साथै अदक्ष र अर्धदक्ष जनशक्तिका लागि पनि रोजगारको अवसर आवश्यक भएकाले मुलुकको कृषि, उद्योग, पूर्वाधार निर्माणलगायतका क्षेत्रमा रोजगारको अवसर सिर्जना गर्ने कार्यमा राज्यका तीन वटै तहको पहल आवश्यक देखिएको छ। आफ्नै देशको समृद्धिमा जुट्नुपर्ने जोसिला र ऊर्जाशील युवा परदेशमा आँसु र पसिना बगाउँदै छन् । त्यही आँसु र पसिनाको रेमिट्यान्सले देश चलिरहेको छ। नेपाली युवाको आँसु र पसिनासँग साटिएको रेमिट्यान्सले धानेको छ। त्यही रेमिट्यान्सले अहिलेसम्म अर्थतन्त्र सुरक्षित छ। तर त्यही रेमिट्यान्स पठाउने नेपाली कामदार स्वयं भने आर्थिक तथा सामाजिकरूपमा पनि असुरक्षित छन् । अनि अव्यवस्थित छ तिनको जीवन र तिनको घरपरिवारको अवस्थापनि सुध्रिनसकेको छैन् । बेरोजगार समस्या भयावह हुने खतरा बढ्दै गरेको अवस्थामा पनि त्यसलाई कसरी सामना गर्ने भन्ने कुनै सरकारी तयारी देखिएको छैन। जोसिला र ऊर्जाशील युवा फर्कनु देशका लागि अवसर पनि हो । यो अवसरलाई पुँजीकृत गर्ने कार्ययोजना राज्यले बनाउनुपर्छ। युवाको क्षमता, दक्षता र प्रतिभालाई पूरापूर सदुपयोग गर्न सक्यो भने देशले समृद्धिको यात्रामा फड्को मार्न सक्छ। बेरोजगार समस्या हल गर्न मात्रै होइन; राष्ट्रिय समृद्धिको यात्रामा युवाको सहभागिता र योगदान अभिवृद्धिका लागि पनि रोजगार सिर्जना अपरिहार्य हो ।

वैदेशिक रोजगारमा देखिएका समस्या तत्काल सम्बोधन गर्नैपर्ने मुख्य चुनौतीका रूपमा देखिएको छ। यसलाई बेलैमा सम्बोधन गर्ने प्रयत्न गरिएन भने यसले नेपालको सामाजिक तथा आर्थिक क्षेत्रमा तत्कालीन र दूरगामी असर पार्ने निश्चित नै छ। परिस्थितिवश बेरोजगार बन्न विवश युवा मनमा उत्पन्न हुने निराशा, कुण्ठा, आक्रोश र विद्रोह समाज र देशका लागि पनि घातक बन्न सक्छ। नेपाली घरपरिवारको मात्रै होइन; देशकै लाइफलाइन बनेको रेमिट्यान्स आप्रवाहमा उल्लेख्य कमी आउने सम्भावना बढ्दै गर्दा अर्थतन्त्र धान्ने विकल्प खोज्नैपर्ने आवश्यकता पनि टड्कारो देखिएको छ। त्यसैले राज्यले युवालाई विदेश पठाउने र धपाउने होइन; स्वदेशमै काम गरेर रमाउने वातावरण सिर्जनामा ध्यान दिनुपर्छ। यसले देशमा आर्थिक चहल पहल हुन्छ। देश जीवन्त बन्न सक्छ। यसो भएन भने देश काम गर्न नसक्ने र बृद्धबृद्धा मात्रै बस्ने बन्नेछ। यो भनेको आर्थिक र विकासका हिसावले कमजोर हुनु हो। अहिलेको यो अवस्थाले परनिर्भताको डरलाग्दो चित्रको संकेत गरेको छ। यसतर्फ तीन तहकै सरकारको ध्यान पुगोस् ।

# कृषिमा उत्पादकत्व वृद्धिको बाटो



**पद्मप्रसाद शर्मा**

नेपाललाई कृषि प्रधान देश भनिन्छ। कृषि प्रधान देश हो पनि। यहाँका अधिकांश नागरिकहरूको पेशा कृषि हो। यही पेशामा रहेर अत्यधिक कृषकले आफ्नो जीवन गुजारा गरेको देख्न पाइन्छ। कतिपय कृषकहरू परंपरागत कृषि प्रकृयामा हुनुहुन्छ भने कतिपय कृषकहरूले यसलाई केही नविनता दिनु भएको अवस्था रहेको देखिन्छ। कृषक हाम्रा दाताहुन् । उनीहरूको मेहनतले हाम्रो जीवन धानिएको छ। यदि कृषकहरूले यसरी मेहनत गरेर उत्पादन नगरेको भए हामी हरकुरामा परनिर्भर हुने थियौं। हुनत अहिले पनि केही वस्तुमा हामी परनिर्भर अवस्थामा नै छौं तर केही कुरामा हामी आत्मनर्भिर भएको सत्य हो। यो सबै कुरा कृषकको मेहनतबाट भएको हो भन्न सकिन्छ।

वास्तवमा नेपालको भूवनोट अनुसार विश्वका विभिन्न मुलुकमा पाइने अन्नबाली तथा फलफूलहरू हाम्रो मुलुकमा पाइन्छन् भनिन्छ। यहाँको हावापानी र माटोका साथमा जमिनको उचाइ सबैकुराले विश्वका सबै बालीनाली तथा फलफूल उत्पादन हुन सक्ने सम्भावना रहेको छ। प्रकृतिबाट यस्तो विछट्ट वरदान प्राप्त मुलुकमा हामी हरेक वस्तुमा आत्मनिर्भर हुनु पर्ने थियो तर भइरहेका छैनौ। यस्तो भन्नु पर्दा आफैमा आश्चर्य लाग्ने मात्र नभएर आफैलाई प्रश्न गर्नु पर्ने अवस्तथा आएको छ। हामीसंग कुन कुराको कमीले गर्दा हुनुपर्ने जति वस्तुमा आत्मनिर्भर हुन सकेका छैनौं ? यो अति विचारणीय कुरा रहेको छ ? सधै विचार गरेर मात्र पनि हुँदैन। एक पटक आत्म समीक्षा गर्ने अनि नयाँ कार्यको खोजिगर्न लाग्नु पर्दछ। हामीले विगतका व्यवस्था र तिनका सञ्चालकको अदूरदर्शिताका कारणले आत्म निर्भर हुन सकेनौ भन्यौ। यसका वारेमा निकै वहस र छलफल पनि भए तर हिंजोका काम नलाग्ने भनिएका व्यवस्था र तिनका सञ्चालकको हातमा अहिले न सरकार छ न सत्ता छ तर पनि हामीले कृषिमा तरक्की गर्न सकेका छैनौं,किन ? यसको दोष कसलाई दिने हो ? राणा शासन देखि बहुदलीय शासन भोग्दै आएर अहिल लोकतान्त्रीक गणतन्त्रसम्मको गफ दिने अवस्थामा आइ पुग्दासम्म कति सरकार फेरिए कति व्यवस्था फेरिए तर अवस्थामा खासै अन्तर ल्याउ सकेका छैनौ। यो अवस्था परिवर्तन गर्न नसक्नुमा सत्ता सञ्चालकको मात्र नभए हामी सर्वसाधारण नागरिकको पनि मात्राको हिसाबले केही न केही कोही न कोही दोषको भागिदार छौं भन्ने लाग्दछ।

मरुभूमि जहाँ पानीको अभाव रहन्छ त्यो ठाउँमा थोपा सिचाइ गरेर पनि विरुवा हुर्काउने गरेको र उक्त मरुभूमिमा पनि बिभिन्न बाली उत्पादन गरेर आत्म निर्भर भई सकेको भन्ने सुनिन्छ तर प्रकृतिले हामीलाई भरपुर साथ सहयोग दिएको छ तर पनि हामीले आफ्नो मुलुकमा उत्पादन हुने वस्तुहरू उत्पादन गर्न छोडेर विदेशीको मुख ताकिरहेका छौं। यो प्रवृति नहटेसम्म हामीले लोकतन्त्र गणतन्त्र मात्र होइन त्यो भन्दा अर्को कुनै उत्कृष्ट व्यवस्था ल्याए पनि विदेशी मुलुकको मुख ताक्ने प्रवृति नफालेसम्म यो अवस्थाबाट पार पाउने छैनौं।

अव कृषिमा नयाँ क्रान्ति चाहिएको छ। एउटा संकल्प गर्नु पर्ने अवस्था आएको छ। सरकारले एउटा दृढ संकल्पका साथ एकप्रकारको खाका तयार पारेर कुन स्थानमा कुन बाली उत्पादन हुन सक्दछ। कुन स्थानमा कुन जनावरको लागि हावापानी र घाँसपात उपयूक्त छ। यसको वारेमा थोरै भए पनि अनुसन्धान गर्ने र सिमित क्षेत्रबाट यसको शुरुवात गर्नु पर्दछ। हरेक कुरा योजनावद्ध र प्रतिवद्धका साथ लाग्नु पर्दछ। यदी यही लक्षका साथ कार्यारम्मगर्ने हो भने हामीले लक्ष चुम्नका लागि लामो समय लाग्ने छैन। तत्काल हाम्रो मुलुकमा उत्पाद हुन नसक्ने वस्तु विदेशबाट खरिद गरेर ल्याउने र आफ्नो मुलुकमा सम्भव भएका कुराहरू आफ्नै मुलुकमा उत्पादन गर्नमा बढता ध्यान दिनु पर्दछ।

हामीलाई उन,मासु र अण्डाका साथमा मल इत्यादिका लागि पशु तथा पंक्षीको आवश्यक्ता पर्दछ। यसैगरी अहिले पनि सामग्री ढुवानी तथा सवारीका लागि केही जनावरहरू आवश्यक पर्दछ। जस्तो घोडा खच्चर तथा भेंडा अनि चौरीबाट सामान वसार पसार गर्ने र घोडा आदिबाट सवारी गर्ने पनि गरिन्छ। यी जनावरहरू पनि आज हाम्रो मुलुकमा अति जरुरी छ। नेपालका विभिन्न पहाडी तथा हिमाली भागहरूमा अहिले पनि घोडा , खच्चरबाट तथा चौरीबाट सामान वसार पसार गर्नु पर्ने वाद्यता छ भने हिमाली क्षेत्रमा कतिपय स्थानमा भेंडा वा च्याङ्ग्राबाट पनि सामान वसार पसार गर्नु पर्ने वाद्यता छ। यातायातकालागि बाटोघाटोको विकास गर्नु अघि यी स्थानमा यस्ता खालका जनावरको पनि संरक्षण गर्नु जरुरी छ। यसतर्फ पनि ध्यान दिनु पर्दछ। यसप्रकारका जनावरहरूको पनि नश्ल सुधार गर्नु पर्दछ। भेंडा तथा च्याङ्ग्रा जस्ता जनावरहरू मासु र ऊनका लागि पनि पालिन्छन्। यीनीहरूले तीनवटै काम धान्ने गर्दछन्। यस्ता जनावरको नश्ल सुधार गर्न आवश्यक छ। ठाउँ अनुसार पालिने जनावर तथा पंक्षीहरूको पनि नश्लसुधार गर्न आवश्यक छ। जसरी अन्न तथा तरकारीको बीउ उन्नत खालको चाहिन्छ त्यसैगरी हाम्रो आवश्यक्ता परिपूर्तिका लागि जनावर तथा पंक्षीहरूको पनि नश्लसुधार उत्तिकै आवश्यक छ।

नेपालका सिमित भागमा केही कृषि अनुसन्धन केन्द्रहरू छन्। ती स्थानमा अन्न बाली तथा तरकारीहरू उन्नत बनाउनका लागि अनुसन्धान भइरहका छन्। ती स्थानहरूमा खरायो , बाख्रा , बंगुर तथा हाँस कुखुराहरूको उन्नत नश्ल तयार गरिंदै छ। धेरै काम पनि भएको छ। अन्न बाली तथा तरकारीहरूमा पनि धेरै सुधार भएको छ तर हुनु पर्ने जति विस्तार हुन सकेको छैन। आम किसानका हातमा उन्न बीउविजन, उन्नत राँगो,बोका, भाले वा सुंगुर तथा बंगुहरू समेत उन्नत खालका पशुपालन गर्न चाहने कृषकका हातमा आउनु पर्दछ। यसले पशुपालन तथा पशुपालनबाट लाभ लिनसक्ने वातावरण बन्न जानेछ।

हामीले उत्पादन मात्र नभएर उत्पादकत्व वृद्धि सम्मका कुरा गर्दछौं। उत्पादनमा वृद्धि भएन भने उत्पादकत्वमा बृद्धि कसरी हुन सक्दछ ? यसकारण अव परंपरागत खेती प्रणाली होइन कि आधुनिक खेती प्रणाली हरेक घरमा पुऱ्याउनु पर्दछ। यसका लागि कृषकहरूलाई समय समयमा तालिम तथा कुनै गोष्ठिको व्यबस्था हनु पर्दछ। यसका लागि दुबै तर्फको इच्छा शक्ति चाहिन्छ। दुबै तर्फ भन्नुको तात्पर्य हुन्छ कृषक स्वयं पनि आकांक्षी र जागरुक हुनु पर्दछ भने सरकारले कृषकले चाहेकका कुरा पुरागर्न तर्फ ध्यान दिनु पर्दछ। यो दुबै तर्फको तादाम्यताले गर्दा मात्र पुरा हुने कुरा भयो। यस भन्दा पहिले कुन बाली बोट वा पशु पंक्षीलाई पहिलो प्राथमिक दिने हो यसको योजना बनाउनु पर्दछ। हरेक कुरा योजनाअनुसार गर्नु पर्दछ। योजना बनाउने हो भने मात्र कुन स्थानमा कुन बाली कुन स्थानको हावापानी कस्तो भन्ने अधारबाट बालीबोट लगाउने र कुन स्थानको हावा पानी र माटोमा कुन पशु वा कुन पंक्षी उपयोगी हुनसक्छ यसका वारेमा अनुसन्धान पहिलो आवश्यक्ता हो।

नेपाललाइ पर निर्भरबाट बचाउने सरकारले अठोट लिने अनि योजनावद्ध ढंगले कृषिमा आधुनिकीकरण गर्न सक्नु पर्दछ। तव मात्र कृषकका लागि सरकार भएको महसुस हुने छ। एकातर्फ सरकार भएको महसुस हुन आवश्यक छ भने अर्को तर्फ उत्पादन वृद्धि र यसबाट उत्पादकत्व बृद्धि हुन जाने छ। चेतना भया।

# अमृते सामुदायिक वनको साधारणसभा

जितपुर (बुटवल टुडे), ७ असोज- अमृते सामुदायिक बनको १५औं साधारणसभा वाणगंगा-९, भर्तापुरमा भएको छ। कार्यक्रममा समुहकी सचिव मिना सिङ्जापतिले प्रगति प्रतिबेदन प्रस्तुत गरेकि थिइन भने कोषाध्यक्ष सीता शर्माले ३ करोड ६५ लाख ५५ हजारको आय-ब्यय विवरण सार्वजनिक गरेकि थिइन।

सामुदायिक बनका अध्यक्ष योगेन्द्र पौडेलले आगामी रणनीतिको बारेमा विशेष प्रकाश पारेका थिए। कार्यक्रममा १३ जना जेष्ठ नागरिकलाई दोसल्ला र नगदबाट सम्मानित गरिएको थियो साथै, सामुदायिक विद्यालयका १० जना विद्यार्थीलाई स्कुल पोशाक र गाउँ हेरालुहरूलाई काममा सहजताका लागि साइकल प्रदान गरिएको छ। बन हेरालुहरूको लागि सूचना आदानप्रदानमा सहयोग गर्न मोबाइल पनि वितरण गरिएको छ। साथै सामुदायिक बनले आफ्ना उपभोक्ता मध्येका क्यान्सर पीडित १ जना र १ जना बाढी पीडितलाई क्रमशः



१५ हजार र १२ हजारको चेक प्रदान गरि मानवीय सहयोग गरेको छ। डिभिजन वन कार्यालय कपिलवस्तुका वरिष्ठ अधिकारी शिबानन्दन शाहले सामुदायिक बनको सही सदुपयोग र संरक्षणमा जोड दिए। उनले कपिलवस्तु कार्यालयलाई नेपालका उत्कृष्ट कार्यालयहरूमा एकको रूपमा उल्लेख गरे। वडा अध्यक्ष कमल पौडेलले विकास निर्माणमा वडासँग समन्वयको महत्त्वमा जोड दिए।

सामुदायिक बनका संस्थापक अध्यक्ष हरि बहादुर खनाल, जनजागरण सामुदायिक बनका अध्यक्ष देबिराम पौडेल, सल्लाहकार नारायण खनाल र पूर्व अध्यक्ष गोपाल गिरि लगायतले पनि आफ्नो विचार व्यक्त गरे। कार्यक्रमको समापनमा अध्यक्ष योगेन्द्र पौडेलले सहभागी सबैलाई धन्यवाद दिए। अमृते सामुदायिक बन ३२६.३७ हेक्टर क्षेत्रमा फैलिएको छ र यहाँ ३०९ बन उपभोक्ता आबद्ध छन्। यस साधारणसभाले सामुदायिक वनको विकास र संरक्षणमा योगदान पुऱ्याउने नयाँ उपायहरू र योजनाहरूको शुरुआत गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ।

# बाणगंगाबाट बालिका सम्पर्कविहीन

जितपुर (बुटवल टुडे), ७ असोज- कपिलवस्तुको वाणगंगा विद्यालय जान हिँडेकी एक बालिका एकसाता देखि सम्पर्कविहीन भएकी छिन्। बाणगंगा नगरपालिका वडा नम्बर ८ बाणिगाउँस्थित गिरबहादुर पुनको छोरी वर्ष १५ की सरिता पुन एक साता देखि सम्पर्कविहीन भएकी हुन।



भदौ ३१ गते बिहान विद्यालय जान भनि विद्यालय पोशाकमा हिँडेकी पुन हाल सम्म पनि सम्पर्कमा नआएको उनका परिवारजनले बताएका छन्। सरिताले बाणगंगा मावि लौगाइमा कक्षा १० मा अध्ययन गर्छिन्। यता सरिताका परिवारले आफ्नो छोरी सम्पर्कविहीन भएको घटना प्रहरीलाई समेत जानकारी गराएका छन्। सरिताका बुवा गिरबहादुर पुन मगरले अहिलेसम्म त्यसरी कहिँ नगएकी छोरी एक्कासी कहाँ गई भन्ने थाहा पाउन नसकको बताए।

उनले आफ्नो छोरीको खोजि कार्यमा सहयोग गरिदिन पनि आग्रह गरेका छन्। बुवा गिरबहादुर पुन र आमा बसन्ती पुनले सरितालाई कहि कतै फेला पारेमा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरिदिन अनुरोध गरिएको छ। इलाका प्रहरी कार्यालय पिपराले समेत घटनाका विषयमा खोजी भइरहेको बताएको छ।

## चालिस...

भैरव नाच अर्घाखाँचीको नेवाः समुदायले नाच्ने एक प्रकारको नाच हो। यो नाच गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठान लगायतका ठाउँहरूमा नाच्ने गरिन्छ। लाखे नाँचमा एउटा मात्र मुकुट लगाएर नाच्ने परम्परा छ भने भैरव नाच भने तिन वटा मुकुट लगाएर नाच्ने गरिन्छ। यी तिनवटा मुकुटहरू मध्ये कालो शिवजीको, रातो देवीको र सेतो गणेशको प्रतिकका रूपमा मानिन्छ। नेवारी संस्कृति र सभ्यतासँगै समुदाय र जिल्ला जिल्लामा एक आपसमा पारस्पारिक सम्बन्धको विकास गर्नको लागि लामो समयको अन्तरालपछि गुल्मीमा भैरव नाच प्रदर्शन गरिएको स्थानीय समाजसेवी एवं युवा व्यवसायी हरिकुमार श्रेष्ठले बताए।

कालो भैरव, रातो भैरव, सेतो भैरव, डङ्किनी गर सात तालमा उक्त भैरव नचाईने गरिन्छ। जसमा मयुर नाच, घोडा नाच, दट्टी नाच, लाहुरेलाहुरिनी नाचगरि विभिन्न प्रकारका नाचहरू देखाएर दर्शकहरूलाई भरपुर मनोरञ्जन प्रदान गरिएको थियो। तम्घास लोखे समितिको आयोजना र नेवाःखल गुल्मी तथा रेसुङ्गा नगरपालिकाको सहयोगमा सदरमुकाम तम्घास स्तथीत चिदिचौरमा प्रदर्शन गरिएको उक्त नाच हेर्नका लागि दर्शकहरूको ठूलो भिड लागेको थियो।

विशेष प्रकारको ठूलो मुकुट लगाएर चोरी गाईको छालाबाट बनेको मादल बजाउँदै चार करिब घण्टासम्म सात तालसँगै उक्त नाच प्रस्तुत गरिएको थियो। देशको मौलिक संस्कृति र परम्परालाई जोगाउँदै पुस्ता हस्तान्तणका लागि पनि यस्ता प्रकारका संस्कृतिहरूको संरक्षण र संबर्द्धन गर्नु पर्ने भैरव नाच संरक्षण समितिका अगुवा हरिकुमार श्रेष्ठले बताए। धार्मिक आस्थासँगै निकै लोकप्रिय मानिले यो नाच पछिल्लो समयमा नयाँ पुस्ताहरूमा खासै उत्साह र चासो नहुँदा विस्तारै लोपहुँदै जाने अवस्थामा रहेको छ।

## 'सञ्चार...

प्रतिवेदन बुझाउदै सञ्चार समन्वय परिषद्का अध्यक्ष यमबहादुर गाहाले सञ्चार व्यवस्थापनलाई बलियो बनाउन प्रदेश सरकारले ध्यान दिनुपर्ने, एकद्वार प्रणालीबाट बजेट विनियोजन गर्ने, कार्यान्वयन गर्ने परिपाटीको विकास गर्न आग्रह गरे।

सञ्चारलाइ बलियो बनाउन सके प्रदेश बलियो हुने धारणा राखे। राष्ट्रिय समाचार समितिका पूर्व केन्द्रिय अध्यक्ष तथा बरिष्ठ पत्रकार डा.बालकृष्ण चापागाईले विज्ञापन नितिमा परिवर्तन नल्याउँदा सम्म सञ्चार माध्यम बलियो हुन नसक्ने भएकाले विज्ञापन नीति परिवर्तन गर्न माग राखे। सरकारले मुल सञ्चारका माध्यम सम्म बजेट पुऱ्याउन नसकेको समेत बताए।

व्यक्तिगत पहुँचको आधारमा हुने बजेट बाँडफाँडलाई निरुत्साहित गर्न आग्रह गर्नु भयो। प्रकाशन तथा प्रसारण संघ लुम्बिनीका अध्यक्ष नवराज कुवँरले कार्यदलले बुझाएको प्रतिवेदन पूर्ण कार्यान्वयन गर्न माग राखे। मन्त्रीस्तरीय बैठकबाट कार्यदल गठन भएको र यसले सुझाएका सुझावहरूलाई पालना गर्न आग्रह गरे। सञ्चारको बजेट समानुपातिक वितरण, लोक कल्याणकारी विज्ञापनको बजेटलाई बढाउनु पर्ने, सञ्चार समन्वय परिषद्लाई बलियो बनाउनुपर्ने माग राखे। कार्यदलका सदस्य नरेश केसीले यो प्रतिवेदन कार्यान्वयननै निकासको बाटो भएको बताए।

राष्ट्रिय समाचार समिति लुम्बिनीका प्रमुख भरत केसीले सञ्चार समन्वय परिषद्लाई सक्रिय बनाउन ऐन संसोधन गरेर अघि बढाउनुपर्ने धारणा राखे। पत्रकार तथा कार्यदल सदस्य दिनेश पाण्डेले प्रतिवेदनको पूर्ण कार्यान्वयन गरेर मिडिया क्षेत्रलाई बलियो बनाउन आग्रह गरे।


## काठ/दाउरा लिलाम विक्रिको सुचना

**दोस्रो पटक सुचना प्रकाशित मिति २०८१।०६।०८**

डिभिजन वन कार्यालय पाल्पाको लिलाम सहमति अनुसार यस गौतम सा.व.उ.स. तिनाउ ३ पाल्पाको स्विकृत वन कार्ययोजना अनुसार ढलापडा रुखहरुबाट संकलन भएको साल गोलिया ए ग्रेडको थान २७ को ३७१.६१ क्यू फुट, साल गोलिया बि ग्रेडको थान ४३ को ३१६.६५ क्यू फुट, साल गोलिया सि ग्रेडको थान ६२ को २५८.२२ क्यू फुट, साल गोलिया डि ग्रेडको थान ६ को १५.८९ क्यू फुट, अस्ना गोलिया ए ग्रेडको थान ८ को ११६.३७ क्यू फुट, अस्ना गोलिया बि ग्रेडको थान ५ को ४०.७३ क्यू फुट गरि जम्मा गोलिया थान १५१ को १११९.४७ क्यू फुट बाट उत्पादित साल चिरान थान १६८ को २३०.६१ क्यू फुट तथा साल गोलिया ए ग्रेडको थान ८ को १३७.७५ क्यू फुट, साल गोलिया बि ग्रेडको थान २५ को १७३.४४ क्यू फुट, साल गोलिया सि ग्रेडको थान ४७ को १९४.४० क्यू फुट, साल गोलिया डि ग्रेडको थान ६ को १५.८९ क्यू फुट र अस्ना गोलिया ए ग्रेडको थान ८ को ११६.३७ क्यू फुट अस्ना गोलिया बि ग्रेडको थान ५ को ४०.७३ क्यू फुट र साल मिश्रित दाउरा ०.२५ चट्टा समुह बाहिर विक्रि गर्नको लागी यो १५ दिने दोस्रो पटकको सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागी यस समुहको कार्यालयमा सम्पर्क राख्नु हन अनुरोध छ।

**गौतम सा. व. उ. स., तिनाउ गा. पा.-३ पाल्पा**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**( .......................... शाखा) त्रिपुरेश्वर काठमाडौं, नेपाल ।**

## कम्पनी खारेजी सम्बन्धमा ।

यस कार्यालयमा मिति २०७५-११-२३ मा दर्ता भएको श्याम्स एकाउन्ट एण्ड फाइनान्स क्लासेस प्रा. लि. (प्रा. लि. नं. २१०२४५) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

(लोकराज जोशी)
उप रजिष्ट्रार



## सच्याइएको........

यस बुटवल टुडे दैनिकको मिति २०८१ असोज २ गतेमा प्रकाशित श्री फूलकली माध्यमिक विद्यालयको शिक्षक आवश्यकता सम्बन्धि विज्ञापनमा क्र.सं १ को विज्ञापन नं.०२/०८१/०८२, क्र.सं २ को अन्तिम मितिमा दोस्रो पटक र क्र.सं ३ को अन्तिम मितिमा पहिलो पटक हुनुपर्नेमा अन्यथा भएकोले सच्चाइएको छ ।

-विज्ञापन शाखा



## राहदानी हराएको सूचना

मेरो निम्न व्यहोरा भएको राहदानी बुटवल चौराहा देखि गोलपार्क तर्फ जाने क्रममा मिति २०८१।०४।०१० गते हराएको हुनाले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरि बुझाई दिनुहुन अनुरोध गर्दछु।

**नाम:** मिना टण्डन
**राहदानी नं.:** PA2658677
**ठेगाना:** गुल्मीदरबार गा.पा. १ गुल्मी
**सम्पर्क:** ९८६१९१६७७३



## Shuddhodhan Rural Municipality
## Office of Rural Municipal Executive
### Manpakadi, Rupandehi
## Invitation for E-Bids

**Date of publication: 2081/06/08**

Shuddhodhan Rural Municipality invites electronic bids from eligible bidders for the Following Project Under National Competitive Bidding–Single Stage Bidding procedures.All other Information & Bid Documents Can Be Downloaded from PPMO's Website. All **www.bolpatra.gov.np/egp. For more information call on 9857084578**

| Contract No. | Brief Description of Works | Estimated Cost (Without VAT and Cont) | Bid Security | Cost of Bid Document |
|---|---|---|---|---|
| NCB/ SRM/01/081-82 | Construction of ward & health post building, shuddodhan 6 | Rs. 1,72,30,231.43 | Rs.5,50,000.00 | Rs. 3000 |
| NCB/ SRM/02/081-82 | Construction of Black Topped Road From Parauta Gaun to Parauta Bhata, shuddodhan 1 | Rs. 72,56,357.55 | Rs.2,35,000.00 | Rs. 3000 |
| NCB/ SRM/03/081-82 | Construction of Black Topped Road From Khungawa - Madhuwani to Budhha circuit road, phase II, Shuddodhan 7 | Rs. 68,88,971.21 | Rs.2,25,000.00 | Rs. 3000 |
| NCB/ SRM/04/081-82 | Construction of Blacktopped Road From sisaughari - Butwal Sub. Metropolitan city Border, ward 2 | Rs. 51,94,835.06 | Rs.1,70,000.00 | Rs. 3000 |
| NCB/ SRM/05/081-82 | Construction Of Black Topped Road from Manpakadi - Kunwari - babhani danda, Shuddodhan 5 | Rs. 51,92,211.20 | Rs.1,70,000.00 | Rs. 3000 |
| NCB/ SRM/06/081-82 | Construction Of Black Topped Road From Bangai - Rajad -Pakadi,ward 5 | Rs. 52,81,908.97 | Rs.1,70,000.00 | Rs. 3000 |

| For Bid Document Fee | For Bid Security |
|---|---|
| Name of the Bank:Agricultural Development Bank Ltd, Pharsatikar Sakha<br>Name of Office:Shuddhodhan Rural Municipality Office,Rupandehi<br>Account no.: **0424501150279096** | Name Of Bank: Agricultural Development Bank Ltd., Pharsatikar<br>Name Of Office: Shuddhodhan Rural Municipality Office, Rupandehi<br>Account No.: **0424501150279045**<br>Bids must be valid for a period of 90 days<br>Bids must be valid for 30 days beyond validity Period. |
| Bids Submission Dead Line For NCB:Before 2081/07/08, 12:00 pm | & Bid opening For NCB: 2081/07/08, 1:00 pm |

Employer has the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract.If any provision of bid document is inconsistent with Public Procurement Act (PPA), 2063 and Public Procurement Regulations (PPR), 2064, the provision of bid document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

**Chief Administrative Officer**